# शासकीय खवर-पत्र

# (Governance Bulletin)



सामान्य प्रशासन मन्त्रालयको चौमासिक प्रकाशन-२०६७ ,मंशिर अङ्क-१३

(Ministry Of General Administration: Four Monthly Publication, Nov. 2010, Vol-13

## सम्पादक मण्डल

| | |
|---|---|
| सचिव, श्री बालानन्द पौडेल | - सल्लाहकार |
| सह-सचिव श्री विनोद के.सी. | - संयोजक |
| उपसचिव श्री माहादेव पन्थ | - सदस्य |
| शाखा अधिकृत श्री रत्नमणि भट्टराई | - सदस्य |
| शाखा अधिकृत श्री हिमलाल भण्डारी | - सदस्य सचिव |



**सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौ**

# सम्पादकीय

सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका विभिन्न मन्त्रालय एवं निकायहरुवाट शासकीय सुधारका लागि सञ्चालन गरिएका विभिन्न प्रयासहरुलाई सरोकारवालाहरु समक्ष सार्वजनिक गर्ने र शासकीय सुधारका लागि रचनात्मक पृष्ठपोषण लिने उद्देश्यले शासकीय खवरपत्र प्रकासनको थालनी गरिएको हो । यसै क्रममा यो तेह्रौं अङ्क यहाँहरु समक्ष प्रस्तुत गर्न गइरहेका छौ ।

निजामती कर्मचारीहरुका सन्ततीको उच्च शिक्षाको अवसरलाई क्रमिक रुपमा वृद्धि गर्दै लैजाने सरकारी प्रयास स्वरुप गत आर्थिक वर्ष (२०६६/६७) को बजेट वक्तव्यमा स्वदेशी विश्वविद्यालयहरुमा डाक्टर र ईन्जिनियरिङ विषयको स्नातक र अन्य विभिन्न विषयमा स्नातकोत्तर उपाधि समेतको लागि प्रतिस्पर्धाको आधारमा छनौट भएका निजामती कर्मचारीका छोराछोरीहरु मध्ये वार्षिक दुई सय जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने उल्लेख भएको थियो । निजामती कर्मचारीका सन्ततीको उच्च शिक्षाको क्षेत्रमा योगदान पुर्‍याउने गरी पहिलो पटक आएको यस कार्यक्रमको कार्यान्वयनको क्रममा सामान्य प्रशासन मन्त्रालयले गत वर्ष चिकित्सा शास्त्र र इन्जिनियरिङ विषयको स्नातक तहमा अध्ययनरत निजामती सेवामा कार्यरत कर्मचारीका छोराछोरीका लागि छात्रबृत्ति उपलब्ध गराएको छ । छात्रवृत्ति वितरणको कार्यलाई प्रक्रियागत ढङ्गबाट व्यवस्थित, पारदर्शी, छिटो छरितो र प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा निरन्तरता दिने सम्बन्धमा नेपाल सरकारले निर्देशिका जारी गरेकोछ । सरोकारवालाहरुको अध्ययन सहजताको लागि उक्त निर्देशिकाको पूर्ण अंश जस्ताको तस्तै प्रस्तुत गरिएको छ । साथै शासकीय खवरपत्रको यस अंकमा २०६७ मंसिर ५ देखि ९ सम्म काठमाण्डौमा आयोजना भएको युरोपा सम्मेलन सम्बन्धी समाचार, निजामती सेवा दिवस, २०६७ को अवसरमा निजामती सेवा पुरस्कारबाट सम्मानित हुनुहुने निजामती राष्ट्रसेवकहरुको नामावली र वैदेशिक छात्रवृत्ति तथा अध्ययन भ्रमणमा रहेका अस्वभाविकताहरुलाई व्यवस्थित बनाउने सिलसिलामा समितिबाट भएको निर्णय पनि समेटिएको छ ।

अन्त्यमा शासकीय खवरपत्र प्रकासन गर्ने क्रममा नेपाल सरकारका सबै निकायहरुवाट सदा झै सहयोग प्राप्त हुने विश्वास राख्दै यो अङ्क तयार गर्न सहयोग पुऱ्याउनु हुने सामान्य प्रशासन मन्त्रालयका सबै महाशाखा, शाखा र अन्य सम्वद्ध निकाय एवं पदाधिकारीलाई समेत सादर धन्यवाद दिन चाहन्छौ ।

मंसिर,२०६७

सम्पादक मण्डल
सिंहदरवार, काठमाण्डौ

## विषयसूचि

१ निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका,२०६७

२ वैदेशिक छात्रवृत्ति र अध्ययन भ्रमणलाई व्यवस्थित बनाउने सम्बन्धमा भएको निर्णय

३ निजामती सेवा पुरस्कार पाउने कर्मचारीहरुको नामावली

# निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका,२०६७

निजामती कर्मचारीहरुका सन्ततीको उच्च शिक्षाको अवसरलाई क्रमिक रुपमा वृद्धि गर्दै लैजाने सरकारी प्रयास स्वरुप गत आर्थिक वर्ष (२०६६/६७) को बजेट वक्तव्यमा स्वदेशी विश्वविद्यालयहरुमा डाक्टर र ईन्जिनियरिङ विषयको स्नातक र अन्य विभिन्न विषयमा स्नातकोत्तर उपाधि समेतको लागि प्रतिस्पर्धाको आधारमा छनौट भएका निजामती कर्मचारीका छोराछोरीहरु मध्ये वार्षिक दुई सय जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने उल्लेख भएको थियो । निजामती कर्मचारीका सन्ततीको उच्च शिक्षाको क्षेत्रमा योगदान पुर्‍याउने गरी पहिलो पटक आएको यस कार्यक्रमको कार्यान्वयनको क्रममा सामान्य प्रशासन मन्त्रालयले गत वर्ष चिकित्सा शास्त्र र इन्जिनियरिङ विषयको स्नातक तहमा अध्ययनरत निजामती सेवामा कार्यरत कर्मचारीका छोराछोरीका लागि छात्रबृत्ति उपलब्ध गराएको छ । छात्रवृत्ति वितरणको कार्यलाई प्रक्रियागत ढङ्गबाट व्यवस्थित, पारदर्शी, छिटो छरितो र प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा निरन्तरता दिने सम्बन्धमा नेपाल सरकारले निर्देशिका जारी गरेकोछ । सरोकारवालाहरुको अध्ययन सहजताको लागि उक्त निर्देशिकाको पूर्ण अंश जस्ताको तस्तै प्रस्तुत गरिएको छ ।

**प्रस्तावना:** निजामती कर्मचारीका सन्ततिलाई ने शिक्षण संस्थामा अध्ययन गर्नको लागि छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा व्यवस्था ग पालका री छात्रवृत्ति वितरणको कार्यलाई प्रक्रियागत ढङ्गबाट व्यवस्थित, पारदर्शी, छिटो छरितो र प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा निरन्तरता दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले कार्यकारी अधिकारको प्रयोग गरी यो निर्देशिका जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०६७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कोष" भन्नाले दफा १२ बमोजिमको छात्रवृत्ति कोष सम्झनु पर्छ ।

(ख) "निजामती कर्मचारी" भन्नाले निजामती सेवा ऐन,२०४९, नेपाल स्वास्थ्य सेवा ऐन,२०५३, व्यवस्थापिका-संसद् सचिवालय सम्बन्धी ऐन,२०६४ बमोजिमको सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो सेवाको पदबाट अवकाशप्राप्त व्यक्तिलाई समेत जनाउँनेछ ।

(ग) "मन्त्रालय" भन्नाले सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विद्यार्थी" भन्नाले यस निर्देशिका बमोजिम छात्रवृत्तिमा अध्ययन गर्न छनौट भएको निजामती कर्मचारीका सन्तति सम्झनु पर्छ ।

(ङ) "सन्तति" भन्नाले निजामती कर्मचारीको छोरा छोरी सम्झनु पर्छ र सो शब्दले निजको कानून वमोजिमको धर्मपुत्र धर्मपुत्रीलाई समेत जनाउनेछ ।

(च) "समिति" भन्नाले दफा ८ बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्छ ।

३. **छात्रवृत्ति प्रदान गरिने:** (१) नेपाल सरकारले प्रत्येक वर्ष निजामती कर्मचारीका सन्ततिलाई यस निर्देशिकाको अधीनमा रही छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने सङ्ख्या विनियोजित बजेट तथा कोषको अवस्थालाई विचार गरी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्ति प्रदान गर्दा प्रत्येक शैक्षिक वर्षको आधारमा सम्वन्धित शैक्षिक संस्थालाई वुझाउनु पर्ने रकमको वढीमा ५० % वा रु. २ लाख मध्ये जुन कम हुन्छ सो वरावरको रकम शैक्षिक वर्षको आधारमा वाडफांड गरी सम्वन्धित शैक्षिक संस्थालाई सोझै भुक्तानी गरिनेछ ।

(४) यस दफा बमोजिम छात्रवृत्ति प्रदान गर्दा दफा १६ को उपदफा (२) बमोजिमको योग्यताक्रमको आधारमा प्रदान गरिनेछ ।

४. **छात्रवृत्ति प्राप्त गर्न सक्नेः** निजामती कर्मचारीका देहायको योग्यता भएको सन्ततिले यस निर्देशिकाको अधीनमा रही छात्रवृत्ति प्राप्त गर्न सक्नेछन्:-

(क) प्रवेशिका परीक्षा (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन) कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको,

(ख) प्रवीणता प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको, र

(ग) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्रदान गरिने विषयमा सम्बन्धित शिक्षण संस्थाबाट भर्नाको लागि लिइएको प्रवेश परीक्षामा सफल भई भर्नाका क्रममा रही भर्ना भएका, भर्ना भैसकेका वा भर्ना भई अध्ययनरत रहेको ।

५. **छात्रवृत्ति प्रदान गरिने तह र विषयः** (१) निजामती कर्मचारीका सन्ततिलाई स्नातक तहमा अध्ययन गर्नको लागि देहायका प्राविधिक विषयमा छात्रवृत्ति प्रदान गरिनेछ :-

(क) चिकित्साशास्त्र अन्तर्गतको एम.वि.वि.एस. वा सो सरह,

(ख) इन्जिनियरिङ,

(ग) वि.एस्सी. नर्सिङ,

(घ) वन विज्ञान,

(ङ) कृषि,

(च) पशु विज्ञान तथा पशुस्वास्थ्य,

(छ) नेपाल सरकारले तोकेबमोजिमको अन्य विषय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष २०६६/२०६७ को हकमा सो उपदफाको खण्ड (क) र (ख) बमोजिमको विषयमामात्र छात्रवृत्ति प्रदान गरिनेछ ।

६. **छात्रवृत्ति प्रदान नगरिनेः** (१) देहायका अवस्थामा निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति प्रदान गरिने छैन :-

(क) विदेशमा अध्ययन गर्ने,

(ख) नेपाल सरकारको वा नेपाल सरकारलाई प्राप्त भएको अन्य कुनै छात्रवृत्ति प्राप्त गरिरहेको,

(ग) कुनै शिक्षण संस्थाबाटै छात्रवृत्ति प्राप्त गरिरहेको,

(घ) छात्रवृत्ति पाएको विद्यार्थीले अध्ययन अवधिमा कुनै फौजदारी कसुरमा दोषी प्रमाणीत भएमा ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो खण्ड बमोजिम प्राप्त गरेको छात्रवृत्तिको रकम यस निर्देशिका बमोजिम प्रदान गरिने छात्रवृत्तिको रकम भन्दा कम हुने रहेछ भने यस निर्देशिका बमोजिम प्रदान गरिने रकमबाट उक्त छात्रवृत्ति वापत प्राप्त रकम घटाई बाँकी रहन आएको रकममात्र उपलब्ध गराईनेछ ।

७. **छात्रवृत्ति प्रदान गरिने अवधिः** यस निर्देशिका बमोजिम प्रदान गरिने छात्रवृत्ति त्यस्तो छात्रवृत्ति प्रदान गरिएको विषयको सम्बन्धित तहको अध्ययन पूरा गर्न लाग्ने अवधिलाई समेत विचार गरी चिकित्साशास्त्र विषयमा भए बढीमा पाँच वर्ष र अन्य विषयमा भए बढीमा चार वर्षको लागि प्रदान गर्न सकिनेछ ।

८. **छात्रवृत्ति व्यवस्थापन समितिः** (१) निजामती कर्मचारीका सन्ततिलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धी नीति निर्धारण, समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ :-

(क) सचिव, सामान्य प्रशासन मन्त्रालय -अध्यक्ष

(ख) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सह-सचिव, कानून तथा न्याय मन्त्रालय -सदस्य

(घ) सह-सचिव, शिक्षा मन्त्रालय -सदस्य

(ङ) सह-सचिव, सामान्य प्रशासन मन्त्रालय -सदस्य

(च) नेपालका विश्वविद्यालयहरुमध्येबाट समितिले तोकेको विश्वविद्यालयको प्रतिनिधि एक जना -सदस्य

(छ) उप-सचिव, सामान्य प्रशासन मन्त्रालय -सचिव

(२) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार:** (१) यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) छात्रवृत्तिलाई दीर्घकालिन तथा प्रभावकारी बनाउनको लागि अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाब दिने,

(ख) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(ग) प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने विषय, सङ्ख्या तथा छात्रवृत्तिको रकम निर्धारण गर्ने,

(घ) समितिको सचिवालयको सिफारिसमा छात्रवृत्ति प्रदान गर्नको लागि निजामती कर्मचारीका सन्ततिको छनौट गर्ने,

(ङ) खण्ड (घ) बमोजिम भएको छनौट वस्तुनिष्ट आधारमा भएको कुरा समितिले सुनिश्चित गराउनु पर्नेछ ।

(च) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरु बीच समन्वय कायम गर्ने,

(छ) छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरी बीचैमा छाड्ने वा अध्ययन पूरा गरेपछि नेपाल सरकारले खटाएको काममा संलग्न नहुनेबाट छात्रवृत्ति वापत प्राप्त गरेको रकम असूल उपर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

(ज) समितिको वार्षिक योजना, कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(झ) यस निर्देशिकाको उद्देश्य पूरा गर्न आवश्यक देखिएका अन्य काम गर्ने वा गराउने ।

(२) निजामती कर्मचारी शहिद, सरकारी कामको सिलसिलामा खटिएको अवस्थामा मुत्यु भएका तथा शसस्त्र द्वन्द्वको क्रममा मुत्यु भएका निजामती कर्मचारीका सन्ततिलाई प्राथमिकता दिई छात्रवृत्ति उपलब्ध गराउनको लागि आवश्यक व्यवस्था मिलाउने ।

१०. **समितिको सचिवालय सम्बन्धी व्यवस्था:** (१) समितिको सचिवालय मन्त्रालयमा रहनेछ र मन्त्रालयले समितिको सचिवालयको लागि छुट्टै इकाई गठन गरी कार्य सञ्चालन गर्न सक्नेछ ।

(२) समितिको सचिवालयको लागि आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

(३) यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) छात्रवृत्ति प्रदान गरिने विषयहरु थप गर्ने, छात्रवृत्तिको सङ्ख्या, अवधि र रकम निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरी स्वीकृतिका लागि समितिसमक्ष पेश गर्ने,

(ग) समितिको निर्णय बमोजिम कोषको लागि आवश्यक रकम वार्षिक रुपमा नेपाल सरकारसमक्ष माग गर्ने,

(घ) छात्रवृत्ति प्रदान गरिएका विद्यार्थी अध्ययन गर्ने शिक्षण संस्थाबाट छात्रवृत्ति प्रदान गरिएको विद्यार्थीको सम्बन्धमा आवश्यक जानकारी तथा सूचना प्राप्त गर्ने,

(ङ) छात्रवृत्ति प्रदान गरिएका विद्यार्थीको अभिलेख तयार गरी अद्यावधिक गराई राख्ने,

(च) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(छ) छात्रवृत्ति छनौट तथा वितरण गर्ने सम्बन्धमा समितिलाई सहयोग गर्ने,

(ज) छात्रबृत्तिको रकम भुक्तानी गर्ने,

(झ) समितिले सुम्पेका अन्य काम गर्ने ।

११. **जिल्ला स्तरीय छात्रवृत्ति** : (१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष २०६७६८ देखि छात्रवृत्ति उपलब्ध गराउँदा माथि उल्लेख भएका विषयहरुको अतिरिक्त प्रत्येक जिल्लावाट सरकारी वा सामुदायिक विद्यालयमा अध्ययन गरी सोही विद्यालयवाट एस.एल.सी.वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भई जिल्लास्तरमा सवभन्दा बढी अंक प्राप्त गर्ने निजामती कर्मचारीहरुका छोराछोरी मध्ये, एक छोरा र एक छोरीलाई स्वदेशभित्र उच्च अध्ययनको लागि मासिक रु.५,०००। (पाँच हजार) का दरले दुई वर्षसम्म विद्यार्थीले चाहेको विषय अध्ययन गर्नको लागि छात्रवृत्ति उपलव्ध गराइनेछ ।

(२) उपदफा (१) अनुसार विद्यार्थी छनौटका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय अनुसारको एक छनौट समिति रहनेछ ।

(क) सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी — संयोजक

(ख) सम्वन्धित जिल्लाको जिल्ला शिक्षा अधिकारी — सदस्य

(ग) सम्वन्धित जिल्लाको को.ले.नि.का.का प्रमुख — सदस्य

(घ) संयोजकले तोकेको जिल्ला भित्रको माध्यमिक वा उच्च माध्यमिक विद्यालयको प्रधानाध्यापक — सदस्य

(ङ) संयोजकले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत कर्मचारी — सचिव

(३) अन्य व्यवस्था समिति आफैले व्यवस्था गरे वमोजिम हुनेछ ।

१२. **छात्रवृत्ति कोषः** (१) यस निर्देशिका बमोजिम प्रदान गरिने छात्रवृत्तिको लागि एक छुट्टै छात्रवृत्ति कोष रहनेछ ।

(२) कोषमा देहायका रकम रहनेछन् :–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, संघ संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) दफा २६ बमोजिम असूल उपर हुन आएको रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको रकम छात्रवृत्ति उपलब्ध गराउनको लागि मात्र खर्च गरिनेछ र समितिको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छैन ।

(४) कोषमा रहने रकम समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्न स्थापना भएको "क" वर्गको इजाजत प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको खाता सञ्चालन समितिको सचिवालयको सिफारिसमा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) कोषको रकम आर्थिक वर्षको अन्तमा फ्रिज हुने छैन ।

(७) प्रत्येक वर्ष अघिल्लो वर्षमा छुट्टाईएको रकममा विनियोजन भएको रकममा नघट्ने गरी अर्थ मन्त्रालयले रकम विनियोजन गर्नु पर्नेछ ।

१३ **लेखा तथा लेखापरीक्षण:** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) समितिले आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

१४. **छनौटको लागि सूचना प्रकाशन गर्ने:** (१) समितिले कम्तीमा तीस दिनको अवधि दिई यस निर्देशिका बमोजिम उपलब्ध गराईने छात्रवृत्ति प्राप्त गर्न चाहने निजामती कर्मचारीका सन्ततिबाट दरखास्त आव्हान गरी नेपालबाट प्रकाशन हुने कुनै राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना र छनौट मन्त्रालयको वेभसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ :-

(क) छात्रवृत्ति प्रदान गरिने विषय र तह,

(ख) प्रत्येक विषयमा प्रदान गरिने छात्रवृत्तिको सङ्ख्या र छात्रवृत्तिको रकम,

(ग) दरखास्तको ढाँचा,

(घ) दरखास्त साथ संलग्न गर्नु पर्ने कागजात तथा विवरणहरु,

(ङ) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति,

(च) समितिले आवश्यक ठहर्‍याएका अन्य विषय ।

१५. **दरखास्त दिनु पर्ने:** छात्रवृत्ति प्राप्त गर्न चाहने निजामती कर्मचारीका सन्ततिले दफा १४ बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा तोकिएको ढाँचा र स्थानमा दरखास्त दिनु पर्नेछ ।

१६. **योग्यताक्रमको सूची तयार गर्ने:** (१) दफा १५ बमोजिम प्राप्त हुन आएका दरखास्त तथा सो साथ संलग्न कागजातहरुको छानबिन गरी समितिको सचिवालयले छात्रवृत्ति प्रदान गरिने प्रत्येक विषयको समितिबाट स्वीकृत मापदण्ड बमोजिम वेग्लाबेग्लै योग्यताक्रम अनुसारको सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम अनुसारको सूची तयार गर्दा दरखास्तवालाले प्रवेशिका परीक्षा र प्रवीणता प्रमाणपत्र तह वा दशजोड दुई कक्षा उत्तीर्ण गर्दा प्राप्त गरेको श्रेणीको आधारमा देहायबमोजिम अङ्क प्रदान गरी प्राप्त हुने योग्यताक्रमको आधारमा तयार गर्नु पर्नेछ :

| | अधिकतम भार |
|---|---|
| (क) एस.एल.सी.वा सो सरह - | ४५ |
| (ख) प्रविणता प्रमाण पत्र तह वा सो सरह | ५५ |

अंक गणना गर्ने तरीका : उदाहरण

(१) एस.एल.सी.वा सो सरहका लागि छुट्याईएको कूल अंकभार = ४५

(क) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ९० भए = ४५/१०० × ९० = ४०.५०

(ख) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८५ भए = ४५/१०० × ८५ = ३८.२५

(ग) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८० भए = ४५/१०० × ८० = ३६.००

(२) प्रविणता प्रमाण पत्र तह वा सो सरहका लागि छुट्यायईएको
कूल अंकभार = ५५

(क) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ९० भए = ५५/१०० × ९० = ४९.५०

(ख) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८५ भए = ५५/१०० × ८५ = ४६.७५

(ग) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८० भए = ५५/१०० × ८० = ४४.००

यसरी तालिकीकरण गर्दा एस.एल.सी. र प्रविणता प्रमाणपत्र तह वा सो सरहको प्राप्ताङ्क जोडी अनुसूची बमोजिम योग्यताक्रमको सूची तयार गरिने छ ।

१७. **छात्रवृत्ति प्रदान गर्नको लागि छनौट गर्नेः** (१) समितिको सचिवालयले दफा १६ बमोजिम तयार गरिएको योग्यताक्रम अनुसारको सूची समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम पेश हुन आएको योग्यताक्रम अनुसारको सूची तथा आवश्यकता अनुसार दफा १५ बमोजिम पर्न आएका दरखास्त उपर समेत छानबिन गरी प्राप्त दरखास्तमध्ये योग्यताक्रमको आधारमा दफा १४ बमोजिमको सूचनामा उल्लेख भएको सङ्ख्यामा छात्रवृत्ति प्रदान गरिने विद्यार्थीको छनौट गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्ति प्रदान गरिने विद्यार्थीको छनौट गर्दा समितिले तोकेको सङ्ख्यामा बैकल्पिक सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

(४) समितिले उपदफा (२) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गरेपछि सोको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नेछ र सोको जानकारी छनौटमा परेको विद्यार्थीले अध्ययन गर्ने शिक्षण संस्थालाई समेत दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्रकाशन गरिने सूचनामा छात्रवृत्तिको लागि छनौटमा परेको प्रत्येक विषयको सबैभन्दा अन्तिम योग्यताक्रमको प्राप्ताङ्क समेत उल्लेख गर्नु पर्नेछ ।

१८. **प्राथमिकता पाउनेः** दफा १७ बमोजिम छात्रवृत्तिको लागि छनौट गर्दा योग्यताक्रममा एक जनाभन्दा बढी विद्यार्थीको समान अङ्क हुन आएमा देहायको निजामती कर्मचारीको सन्ततिले प्राथमिकता पाउनेछः-

(क) फरक फरक श्रेणी वा तहका निजामती कर्मचारीका सन्तति भएमा तल्लो श्रेणी वा तहको निजामती कर्मचारीको सन्तति,

(ख) समान श्रेणी वा तहका निजामती कर्मचारीका सन्तति भएमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा बाह्रको परीक्षामा बढी उत्तीर्णाङ्क प्राप्त गर्ने सन्तति,

(ग) खण्ड (ख) बमोजिम योग्यताक्रम कायम गर्न नसकिएमा प्रवेशिका परीक्षामा बढी उत्तीर्णाङ्क प्राप्त गर्ने सन्तति,

(घ) खण्ड (ग) बमोजिम पनि योग्यताक्रम कायम गर्न नसकिएमा क्रमशः महिला, आदिवासी /जनजाती, मधेशी, दलित, अपाङ्ग वा पिछडिएको क्षेत्रको विद्यार्थी ।

१९. **कबुलियतनामा गर्नु पर्नेः** (१) दफा १७ बमोजिम छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थी र सम्बन्धित निजामती कर्मचारीले छनौटको सूचना प्रकाशन भएको मितिले पैतीस दिनभित्र अनुसूची बमोजिमको ढाँचामा तीन प्रति कबुलियतनामा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट छात्रवृत्ति प्राप्त गरेकोमा दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा तथा अध्ययन पूरा गरी नेपाल सरकारले खटाएको काम नगरेमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा सोमा समितिले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गरिने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एकप्रति समितिको सचिवालयमा राखिने, एकप्रति सम्बन्धित निजामती कर्मचारीलाई दिईने र एकप्रति सम्बन्धित निजामती कर्मचारीको अभिलेखमा जनाउनको लागि निजामती किताबखानामा पठाइनेछ ।

२०. **बैकल्पिक सूचीमा परेको विद्यार्थीलाई छात्रबृत्ति प्रदान गरिनेः** छात्रवृत्तिको लागि छनौट भएको विद्यार्थीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा १९ को उपदफा (१) बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो विद्यार्थीले दफा ६ को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने अवस्था भएमा बैकल्पिक सूचीमा नाम समावेश भएका विद्यार्थीलाई योग्यताक्रम अनुसार छात्रवृत्ति प्रदान गरिनेछ ।

२१. **अभिलेख राखिनेः** समितिको सचिवालयले छात्रवृत्ति प्रदान गरिएका निजामती कर्मचारीका सन्तति र सम्बन्धित निजामती कर्मचारीको विवरण सहितको अद्यावधिक अभिलेख तयार गरी राख्नेछ ।

२२. **छात्रवृत्तिको रकम भुक्तानीः** (१) दफा १७ बमोजिम छात्रवृत्तिको लागि छनौट भई दफा १९ बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको रकम सम्बन्धित विद्यार्थी अध्ययनरत शिक्षण संस्थालाई सोझै भुक्तानी गरिनेछ ।

२३. **विषय परिवर्तन गर्न नपाउनेः** छात्रवृत्तिमा छनौट भई अध्ययन गरिरहेको विद्यार्थीले अध्ययनको निमित्त छात्रवृत्ति पाएको विषय परिवर्तन गर्न पाउने छैन ।

तर कुनै विद्यार्थीले अध्ययन गरेको फ्याकल्टी भित्रको कुनै विषयबाट अर्को विषय परिवर्तन गर्नु पर्ने स्पष्ट कारण देखाई निवेदन दिएमा र सो विषय परिवर्तन गर्न मनासिब देखिएमा समितिले निजलाई प्रदान गरिएको छात्रवृत्तिको रकममा नबढ्ने गरी विषय परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

२४. **जानकारी गराउनु पर्ने** : (१) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी छाडेमा त्यसरी अध्ययन छाडेको एक महिनाभित्र र अध्ययन पूरा गरेकोमा निजले प्रमाणपत्र प्राप्त गर्नु अघि सम्बन्धित शिक्षण संस्थाले मन्त्रालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको एक महिनाभित्र सोको लिखित रुपमा जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

२५. **नेपाल सरकारले काममा खटाउन सक्ने** : (१) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई अध्ययन सकेपछि नेपाल सरकारले छात्रवृत्ति सम्बन्धी प्रचलित नेपाल

कानून बमोजिम नेपाल सरकार वा नेपाल सरकारको कुनै संस्था वा निकायको काममा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न हुनु सम्बन्धित विद्यार्थीको कर्तब्य हुनेछ ।

(३) नेपाल सरकारले उपदफा (१) बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई काममा खटाउँदा खटाएको अवधिको लागि उचित पारिश्रमिक दिनेछ ।

(४) उपदफा (१) बमोजिम काममा खटाउँदा त्यस्तो विद्यार्थीले छात्रवृत्ति पाएको तह उत्तीर्ण गरेको एक वर्षभित्र खटाई सक्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले आवश्यक नपर्ने ठानेमा काममा नखटाउने निर्णय गर्न सक्नेछ ।

२६. **व्याज सहितको रकम असूल गरिनेः** : (१) नेपाल सरकारले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी छाडेमा वा दफा २५ बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न नभएमा त्यस्तो विद्यार्थीको छात्रवृत्तिमा लागेको सम्पूर्ण रकम र सोमा समितिले निर्धारण गरे बमोजिमको व्याज रकम समेत त्यस्तो विद्यार्थीबाट असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम सम्बन्धित विद्यार्थीले मन्त्रालयमा नबुझाएमा त्यस्तो रकम सम्बन्धित निजामती कर्मचारीको तलबबाट कट्टा गरी असुल उपर गरिनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकास भईसकेको भएमा निजले पाउने निवृत्तिभरण वा अन्य सुविधाबाट समेत असुल उपर गरिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनकै क्रममा गम्भीर विरामी वा चोटपटक लागेको कारण वा विद्यार्थीको काबुबाहिरको परिस्थिति परी अध्ययन पूरा गर्न नसकेको भन्ने कुरामा समिति सन्तुष्ट भएमा वा विद्यार्थीको मृत्यु भएमा निजले उपदफा (१) बमोजिम बुझाउनु पर्ने रकम समितिले मिनाहा गर्न सक्नेछ ।

२७. **पुनः छात्रवृत्तिमा छनौट नगरिने** : (१) छात्रवृत्तिमा छनौट भएको कुनै विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन दफा २६ को उपदफा (३) बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा पूरा नगरी छाडेमा वा दफा २५बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न नभएमा निजलाई नेपाल सरकारबाट प्रदान गरिने वा नेपाल सरकारलाई प्राप्त हुने अन्य कुनै पनि छात्रवृत्तिमा छनौट गरिने छैन ।

(२) समितिको सचिवालयले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी छाड्ने वा दफा २५ बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न नहुने विद्यार्थीको विवरण अद्यावधिक गराई राख्नेछ र सोको एक प्रति शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखालाई समेत उपलब्ध गराउनेछ ।

२८. **प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक वर्ष समितिबाट प्रदान गरिएका छात्रवृत्तिको विवरण, छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीहरुको अवस्था, कोषको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धिको मूल्यांकन तथा यस सम्बन्धमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन सामान्य प्रशासन मन्त्री समक्ष पेश गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको प्रतिवेदन उपयुक्त माध्यमबाट सार्वजनिक गर्नेछ ।

२९. **उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) समितिले आफूले सम्पादन गर्ने काम सूचारु र प्रभावकारी रुपमा सम्पादनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यावधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३०. **उजुरी सुनुवाई सम्बन्धी व्यवस्था** : (१) विद्यार्थी छनौट सम्वन्धी समितिको निर्णयमा चित्त नवुझाउने छात्रवृत्तिका उम्मेदवारले समितिबाट निर्णय भएको १५ दिनभित्र देहायको उजुरी सुनुवाई समितिमा वस्तुगत ठोस आधार सहित उजुरी निवेदन दिन सक्नेछन् :

| | |
|---|---|
| (क) मुख्य सचिव | अध्यक्ष |
| (ख) सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (घ) सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| (ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी सुनुवाई समितिले उजुरी निवेदन प्राप्त भएको वढीमा १५ दिन भित्र अन्तिम निर्णय दिनु पर्नेछ ।

३१. **सहयोग गर्नु पर्ने**: समिति तथा समितिको सचिवालयको काममा आवश्यक सहयोग गर्नु विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षणसंस्थाको कर्तव्य हुनेछ ।

३२. **बाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिको सचिवालयको सिफारिसमा समितिले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

३३. **बचाउ** : यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि छात्रवृत्तिको लागि प्रकाशन भएको सूचना वा विज्ञापन, सो सम्बन्धमा दिएको निवेदन र विद्यार्थी छनौट गर्ने सम्बन्धमा भएका काम कारबाही यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

# छात्रवृत्ति समितिको निर्णय

निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख ३ मा विभिन्न विदेशी निकायबाट प्राप्त वैदेशिक छात्रवृतिहरुको वितरणको लागि नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय तथा सामान्य प्रशासन मन्त्रालयका सचिवहरु रहेको समितिको व्यवस्था रहेको छ । उक्त छात्रवृत्ति समितिको मिति २०६७६।१८ को वैठकवाट वैदेशिक छात्रवृत्तिका सम्वन्धमा अनिवार्य पालना गर्नु पर्ने गरी देहायबमोजिम निर्णय भएको छ :
निजामती सेवा ऐन, २०४९ को दफा ४० ले उपरोक्त कानुनी व्यवस्था अनुसार विदेशी निकायबाट प्राप्त हुन आएका जुनसुकै छात्रवृत्तिहरु समितिबाट स्वीकृत भएपछि मात्र सम्बन्धित मन्त्रालय, निकाय, आयोग तथा सचिवालले मनोनयन गर्नुपर्ने हुन्छ तर छात्रवृत्ति तथा वैदेशिक अध्ययन भ्रमणमा निम्नानुसारका अस्वभाविकताहरु देखा पर्न गएको तथा कानूनी व्यवस्था तथा प्रक्रियाहरु स्पष्ट हुंदा हुंदै पनि त्यसलाई संवेदनशिल रुपमा नलिने प्रवृत्तिहरु देखा पर्दै गएको छ ।

- वैदेशिक छात्रवृत्तिहरु विभिन्न निकायहरुवाट प्राप्त हुने गर्दछन् र त्यसलाई कानूनी व्यवस्था भएको समिति मार्फत वितरण हुनु पर्नेमा सिधै त्यस्ता निकायवाट वितरण हुने गरेको,
- प्राप्त छात्रवृत्ति, अध्ययन ,तालीमहरु समितिमा पठाउंदा लामो समय सम्म आफ्नै निकायमा राखी अन्तिम अवस्थामा मात्र पठाउने गरेको,
- समितिको पूर्व निर्णय अनुरुप मनोनयनमा सवै तहका कर्मचारीहरुलाई समेट्नु पर्नेमा त्यस्तो हुन नसकेको,

- तालीम कार्यक्रममा पनि नीतिगत तहका कर्मचारीहरुको मनोनयन हुने गरेको,
- दुर्गम क्षेत्र तथा उपत्यका वाहिरका कर्मचारीहरुलाई मनोनयनमा खासै ध्यान दिन नसकेको,
- मन्त्रालय तथा निकाय अन्तर्गत वैदेशिक भ्रमणमा जानेको नाम पारदर्शी हुन नसकेको,
- विदेशी दातृ राष्ट्र तथा संस्थासंग सहयोग सम्झौता हुंदाको वखत आग्रहका आधारमा Training तथा Capacity building मा मात्र धेरै ध्यान दिने गरेको

- एउटै निकायमा विशिष्ट श्रेणीका दुई पदाधिकारी हुंदा पनि एकै पटक दुवै जना वैदेशिक भ्रमणमा जाने गरेको,
- मन्त्रालय तथा निकायहरुको काम कारवाहीमा प्रभावित हुने गरी ठूला ठूला टोलि वैदेशिक भ्रमणमा जाने गरेको,
- मन्त्रालय तथा निकायमा नीतिगत तहको उपस्थिति नै नरहने वा न्यून रहने गरी वैदेशिक भ्रमणमा जाने जस्ता विकृतिहरु बढ्दै गएकोले काममा असर पर्न गएको छ ।

**उल्लेखित समस्याहरुको सन्दर्भमा देहाय वमोजिम कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा निर्देशन दिने समितिबाट निर्णय भएको छ :**

१) नेपाल सरकारका लागि जुनसुकै निकायमा प्राप्त भएका छात्रवृतिहरु सम्बन्धित निकायले यथाशक्य छिटो साधनद्धारा समितिको स्वीकृतिको लागि समितिको सचिवालय सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।
२) छात्रवृत्ति समितिको स्वीकृति भएपछि मात्र पदाधिकारीहरुको मनोनयन गर्ने ।
३) कतिपय मन्त्रालय/निकायहरुबाट काममा वाधा पर्नेगरी उच्च पदस्थ कर्मचारीहरुको ठूलो समुह एकै पटक विदेशमा जाने गरेको पाईएकोले नजाने व्यवस्था गर्ने ।
४) दुई जना विशिष्ट श्रेणीका पदाधिकारी रहेको निकायहरुमा एकैपटक दुवै जना वैदेशिक भ्रमण कार्यक्रममा नजाने ।
५) छात्रवृतिहरुमा उम्मेदवारको मनोनयन गर्दा प्राय केन्द्रिय र सुविधाजनक स्थानबाट मात्र गर्ने गरेको पाईएकोले दुर्गम जिल्ला, स्थानीय तह तथा राजपत्र अनंकित कर्मचारीहरुलाइ समेत प्राथमिकता दिने ।
६) वैदेशिक सहायता प्राप्त गर्दा Capacity Building तथा तालीम कार्यक्रमका लागि धेरै रकम राख्ने प्रवृत्तिलाई कम गरी अत्यावश्यक रकमको मात्र व्यवस्था गर्ने ।
७ प्रत्येक मन्त्रालय तथा निकाय प्रमुखवाट वैदेशिक छात्रवृत्ति, अध्ययन, भ्रमणका कार्यक्रमहरुमा माथि उल्लेख भए वमोजिमको अवस्था भए नभएको समय समयमा अनुगमन गर्ने तथा त्यस्तो अनुगमनको विवरण आफ्नो Website मा राख्ने ।
८) प्रत्येक मन्त्रालय तथा निकायहरुले समितिवाट उपलव्ध गराइएको तथा अन्य विदेश भ्रमण, अध्ययन आदिमा मनोनयन हुने तथा भ्रमण गर्नेको नाम, पद, कार्यालय, कार्यक्रम सहितको विवरण अनिवार्य रुपमा आफ्नो Website मा राख्ने ।
९) सि.नं. ८ अनुसारको Website को अनुगमन सामान्य प्रशासन मन्त्रालयले गर्ने ।

# युरोपा (EROPA) को कार्यकारी परिषदको बैठक तथा सेमिनार सम्पन्न

The Eastern Regional Organization for Public Administration (EROPA) को ५६औं कार्यकारी परिषद्को बैठक तथा सेमिनार सन् २०१० को नोभेम्बर २१ देखि २५ सम्म तदनुरुप २०६७ मार्ग ५ देखि ९ सम्म नेपालको काठमाण्डौमा सम्पन्न भएको छ । सन् १९६० मा स्थापना भएको यो संगठनमा अष्ट्रेलिया, ताईवान, जापान, फिलिपिन्स र भियतनाम संस्थापक सदस्य राष्ट्र हुन् भने सन् १९६१ मा थाइल्याण्ड, सन् १९६२ मा दक्षिण कोरिया, सन् १९६३ मा इरान, सन् १९६५ मा पाकिस्तान, सन् १९६६ मा मलेशिया, सन् १९७१ मा इण्डोनेशिया, सन् १९८३ मा नेपाल र सन् १९८५ मा भारत यो संगठनको सदस्य वनेका हुन् । एसिया र प्यासिफिक क्षेत्रका विकासोन्मुख मुलुकहरुको साझा चाहानावाट निर्देशित यो संगठनले सदस्य राष्ट्रहरु बीच सार्वजनिक प्रशासनका क्षेत्रमा अवलम्बन गरिने पद्धति, सीप र नयाँ अभ्यासहरुको प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा क्षेत्रीय र पारस्परिक सहयोग अभिवृद्धि गर्ने मूल उद्धेश्य लिएको छ । नेपालमा सम्पन्न भएको सेमिनारको मुख्य विषय सार्वजनिक प्रशासन र विपद व्यवस्थापन **"Public Administration and Disaster Management: Reducing Risks, Delivering Services, Spearheading Recovery"** र संघीयता ***"Federalism as a Structure of Government"*** थियो । यस बाहेक कार्यक्रमको सुरुमा सार्वजनिक प्रशासनका क्षेत्रमा देखा परेका नयाँ नयाँ मुद्दाहरुको विषयमा छलफल गर्न गठन भएको मन्त्री स्तरीय **FIRST ASIAN LEADERSHIP FORUM** को बैठक समेत सम्पन्न भएको छ । यसमा **"The Need for Leadership Development."** विषयमा छलफल भएको थियो । सम्मेलनको क्रममा २२ नोभेम्बर देखि २५ नोभेम्बर सम्म देहायबमोजिम कार्यक्रम सम्पन्न भएको युरोपा सचिवालयले जनाएको छ ।

## २२ नोभेम्बर, २०१०

नेपालमा आयोजना गरिएको सार्वजनिक प्रशासनका लागि एशिया तथा प्रशान्त क्षेत्रको संगठन (The Eastern Regional Organization for Public Administration, EROPA) २०१० को कार्यक्रमको दोस्रो दिन २२ नोभेम्बर, २०१० मा सेमिनार शुरु भयो । सम्माननीय कार्यवाहक प्रधानमन्त्री श्री विजयकुमार गच्छेदारज्यूबाट समुद्घाटन भएको उक्त कार्यक्रममा Public Administration and Disaster Management र 1st Asian Leadership Forum सम्वन्धी मुख्य विषयमा छलफल भएको थियो । यस सेमिनारमा नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, संबैधानिक निकायका पदाधिकारीहरु, नेपाल सरकारका सचिवहरु र उक्त विषयसंग सम्बन्धित निकायका उच्च पदस्थ पदाधिकारीहरु, सम्बन्धित विषयका विशिष्ट विज्ञहरु, EROPA का सदस्य राष्ट्र एवं समूहका सदस्यका प्रतिनिधिहरु, व्यक्तिगत सदस्यहरु लगायत करीब १८८ जना स्वदेशी र ६२ जना विदेशी सहभागिहरु समेत गरी जम्मा २५० जनाको सहभागितामा उद्घाटन कार्यक्रम र First Asian Leadership को पहिलो दिनको कार्यक्रम सम्पन्न भएको छ ।

सामान्य प्रशासन मन्त्री एवं आयोजक समितिका अध्यक्ष माननीय प्रभाकार प्रधानाङ्गको अध्यक्षतामा भएको उक्त उद्घाटन कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री बालानन्द पौडेलवाट स्वागत मन्तव्य तथा EROPA का महासचिव श्री Dr. Oolando Mercado, Mr. Kim Hyun Myung, र Dr. Pan Suk Kim वाट मन्तव्य एवं श्री आमोदमणी दिक्षितज्यूवाट विषय वस्तुको मुख्य अंश प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी, विभिन्न देशका प्रतिनिधिहरुले विपद व्यवस्थापनको विषयमा आफ्नो भनाई र आफ्नो देशको अनुभव राख्नु भएको थियो ।

उद्घाटन कार्यक्रम समाप्त भएपछि फिलिपिन्सका डा. Edna Esti Fania A.Co को अध्यक्षतामा विपद् व्यवस्थापनको प्रारम्भिक सत्र सम्बन्धि विषयमा कार्यपत्र प्रस्तुत भयो । सो कार्यक्रममा जापानका Dr. Akira Nakamura, कोरियाका Dr. Kim Younp-He, र नेपालको तर्फवाट गृह मन्त्रालयका सहसचिव श्री शंकर कोइरालाले आ–आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

त्यसैगरी, The First Asian Leadership Forum अन्तर्गत Disaster Management का सन्दर्भमा जापानका Hitoshi Kimura, चीनका Professor Jiang Wu, फिलिपिन्सका लोक सेवा आयोगका अध्यक्ष

Francisco T. Duque III ले आफ्नो देशको व्यवस्था र अनुभव प्रस्तुत गर्नुभएको थियो भने नेपालका तर्फबाट नेपाल राष्ट्र बैंकबाट गभर्नर डा. श्री युवराज खतिवडाले कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रमको मुख्य विषय The Need for Leadership Development रहेको थियो । यस सम्वन्धमा संविधान सभाका सदस्य माननीय उर्मिला अर्याल तथा ने.क.पा. एमालेका पोलिटव्यूरो सदस्य राजेन्द्रप्रसाद पाण्डे र नेपाली कांग्रेसका अमरेश कुमार सिंहले आ–आफ्नो मन्तव्य राख्नुभएको थियो ।

समग्रमा विपद् तथा जोखिम जस्ता दुर्घटना कहिलेकाहीँ देखा पर्ने तर उच्च जोखिम युक्त घटना हुने भएकोले सीमित श्रोतवाट जनताका असिमित आवश्यकता पुरा गर्नु पर्ने अवस्था सृजना हुने हुदा यसमा सरकार, निजी क्षेत्र, स्थानीय सरकार,स्थानीय समुदाय, नागरिक समाज समेतको समन्वयवाट व्यवस्थापन गरिनु पर्नेमा जोड दिइएको थियो ।

## २३ नोभेम्बर, २०१०

नेपालमा आयोजना गरिएको सार्वजनिक प्रशासनका लागि एशिया तथा प्रशान्त क्षेत्रको संगठन (The Eastern Regional Organization for Public Administration, EROPA) २०१० को सेमिनारको तेस्रो दिन २३ नोभेम्बर, २०१० मा विपद व्यवस्थापनका विभिन्न विषयमा छलफल जारी रह्यो । अलग अलग दुई कक्षमा विभाजन गरी संचालन भएको उक्त सेमिनारमा नेपाल सरकारका सचिवहरु र उक्त विषयसंग सम्बन्धित निकायका उच्च पदाधिकारीहरु, सम्बन्धित विषयका विशिष्ट विज्ञहरु, EROPA का सदस्य राष्ट्र एवं समूहका सदस्यका प्रतिनिधिहरु र व्यक्तिगत सदस्यहरुको सहभागितामा नेपाल , भारत, इण्डोनेशिया, फिलिपिन्स एवं जापानका विज्ञहरुबाट जम्मा ७ वटा कार्यपत्र प्रस्तुत भएका थिए । सो कार्यक्रमको पहिलो सत्रको पहिलो कक्षको अध्यक्षता थाइल्याण्डका Dr. Tippawan Lorsuwannarat ले गर्नु भएको थियो भने नेपालका सिंहराज उप्रेती, भियतनामका Dr. Dinh Van Tien र भारतका प्रोफेसर विनोद कुमार शर्माले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै दोस्रो कक्षको सेमिनारको अध्यक्षता फिलिपिन्सका Dr.Maria Faina L. Diola ले गर्नु भएको थियो भने नेपालका ललितपुर उपमहानगरपालिकाका कार्यकारी अधिकृत श्री अर्जुन कुमार थापा र स्थानीय विकास मन्त्रालयका सह सचिव श्री रेश्मीराज पाण्डेले विपद व्यवस्थापनका लागि स्थानिय निकायको भूमिका सम्बन्धी तथा इण्डोनेशियाका प्रोफेसर Dr. Prijono Tjipptiherijanto ले विपद व्यवस्थापनका लागि क्षमता विकास सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको दोस्रो सत्रको पहिलो कक्षको सेमिनारको अध्यक्षता जापानका प्रोफेसर Akiko Kamiko ले गर्नु भएको थियो भने नेपालका सूर्यनारायण श्रेष्ठले भूकम्पको जोखिम सम्वन्धी , फिलिपिन्सका Dr. Maria Faina L. Diola ले जलश्रोत व्यवस्थापन संवन्धी र नेपालकै अधिवक्ता विपिन अधिकारीले विपद व्यवस्थापन र मानव अधिकार सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । दोस्रो कक्षको सेमिनारको अध्यक्षता इण्डोनेशियाका प्रोफेसर Dr. Prijono Tjipptiherijanto ले गर्नु भएको थियो भने राष्टिय भुकम्प मापन केन्द्रका श्री सोमनाथ सापकोटाले भूकम्पको जोखिम सम्वन्धी तथा नेपाल सरकार, वातावरण मन्त्रालयका सचिव डा. गणेशराज जोशीले हिमालय क्षेत्रका वासिन्दा र जोखिम व्यवस्थापन सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

तेस्रो सत्रको पहिलो कक्षको Disaster Preparedness and Mitigation संवन्धी विषयको सेमिनारको अध्यक्षता नेपालका राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. दिनेश चन्द्र देवकोटाले गर्नु भएको थियो भने नेपालकै महेन्द्र सुव्वाले भौतिक पूर्वाधार निर्माण र संभावित विपद तथा प्रोफेसर डा. टेक नाथ ढकालले विपद व्यवस्थापनका संयन्त्र संवन्धी विषयको कार्यपत्र प्रस्तुत गर्न भएको थियो । सो सत्रको दोस्रो कक्षको सेमिनारको अध्यक्षता नेपाल सरकार, गृह मन्त्रालयका सचिव डा.गोविन्द प्रसाद कुसुमले गर्नु भएको थियो भने नेपाली सेनाका कर्णेल ईश्वर हमाल र जापानका प्रोफेसर Akiko Kamiko ले जापानको अनुभव सहितको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको चौथो सत्रको अध्यक्षता नेपाल सरकारका सचिव श्री प्रताप कुमार पाठकले गर्नु भएको थियो । उक्त कार्यक्रममा नेपालकै पितास्वर अर्यालले कोशी नदी पीडितहरुको उद्धार सम्वन्धी तथा फिलिपिन्सका Dr. Gloria Lee र जापानका Masao Kikuchi ले Public Private Partnership in Crisis Management मा सार्वजनिक निजी सहभागिता सम्वन्धी कार्यपत्र प्रस्तुत गर्न भएको थियो ।

समग्रमा प्राकृतिक तथा मानव निर्मित घटनावाट सृजित जोखिमपूर्ण अवस्था र त्यसवाट सृजना हुने विपद व्यवस्थापन गर्न विभिन्न क्षेत्रवाट समन्वयात्मक प्रयास हुनु पर्ने विषयमा जोड दिइएको थियो ।

## २४ नोभेम्बर, २०१०

नेपालमा आयोजना गरिएको सार्वजनिक प्रशासनका लागि एशिया तथा प्रशान्त क्षेत्रको संगठन (The Eastern Regional Organization for Public Administration, EROPA) २०१० को सेमिनारको चौथो दिन २४ नोभेम्बर, २०१० मा Federalism as a Structure of Government का विभिन्न विषयमा छलफल भयो । अलग अलग दुई कक्षमा विभाजन गरी संचालन भएको उक्त सेमिनारमा नेपाल सरकारका सचिवहरु र उक्त विषयसंग सम्बन्धित निकायका उच्च पदाधिकारीहरु, सम्बन्धित विषयका विशिष्ट विज्ञहरु, EROPA का सदस्य राष्ट्र एवं समूहका सदस्यका प्रतिनिधिहरु र व्यक्तिगत सदस्यहरुको सहभागितामा नेपाल , अमेरिका र अष्ट्रेलियाका विज्ञहरुबाट जम्मा ४ वटा कार्यपत्र प्रस्तुत भएका थिए । सो कार्यक्रमको पहिलो सत्रको पहिलो कक्षको अध्यक्षता नेपाल सरकारका सचिव श्री लिलामणी पौडेलले गर्नु भएको थियो भने अष्ट्रेलियाका Dr. Roger L. Wettenhal, ले् Patterns of Decentralization in Government, with the Australian Federal System as an Illustrative Caseमा नेपालका विष्णुराज उप्रेतीले Federalism in Nepal: Conflict and Potentials for its Solutionमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । साथै दोस्रो कक्षको सेमिनारको अध्यक्षता Indian Institute of Public Administration, India का Prof. Vinod Kumar Sharma ले गर्नु भएको थियो भने अमेरिकाका Prof. Dr. Lisa Macha Saye ले Beyound the Marble Cake: Current Trends in American Federalism मा र नेपालका पुष्पराज कंडेलल] Fiscal Federalism in the Context of Nepal मा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको दोस्रो सत्रको पहिलो कक्षको सेमिनारको अध्यक्षता नेपाल सरकारका सचिव श्री वालानन्द पौडेलले गर्नु भएको थियो भने नेपालका प्रा. डा. भीमदेव भट्टले Administrative Restructuring for Federal System of Government: Transitional Management विषयमा, टेकप्रसाद ढुंगानाले Interrelationship Between Different Level of Government Under Federal System मा र डा. द्धारिकानाथ ढुंगेलले Transformation of Nepalese Administration: Challenges and Prospects सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । दोस्रो कक्षको सेमिनारको अध्यक्षता नेपालका डा. गणेशमान गुरुङले गर्नु भएको थियो भने नेपालका Dr. वैकुण्ठ अर्यालले Distribution of Natural Resources Benefits in Federal Nepal, नेपालका यामनाथ शर्माले An Opportunity for Improving Service Delivery through Local Self-Governance in Nepal मा र नेपालकै हङकङ रानाले Federalism and Devolution of Power: Governance Perspective सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

समग्रमा संघीय प्रणाली जटील प्रकृतिको संरचना भएको र अहिले नेपाल सैद्धान्तिक ज्ञान आर्जन गरी कार्यान्वयन गर्ने अवस्थामा रहेको हुँदा यस सम्वन्धमा गम्भीरतापूर्वक कदम चाल्नुपर्ने विषयमा जोड दिईएको थियो ।

## २५ नोभेम्बर, २०१०

नेपालमा आयोजना गरिएको सार्वजनिक प्रशासनका लागि एशिया तथा प्रशान्त क्षेत्रको संगठन (The Eastern Regional Organization for Public Administration, EROPA) २०१० को सेमिनारको पाँचौं तथा अन्तिम दिन २५ नोभेम्बर, २०१० मा समापन कार्यक्रम सम्पन्न भयो । सामान्य प्रशासन मन्त्री एवं EROPA Steering Committee का अध्यक्ष माननीय प्रभाकर प्रधानाङ्गको अध्यक्षतामा भएको उक्त समापन समारोहमा नेपाल सरकारका मूख्य सचिव श्री माधवप्रसाद घिमिरे, नेपाल सरकारका सचिवहरु र उक्त विषयसँग सम्बन्धित निकायका उच्च पदाधिकारीहरु, EROPA का सदस्य राष्ट्र एवं समूह सदस्यका प्रतिनिधिहरु र व्यक्तिगत सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल सरकारका मुख्य सचिवज्यूले विपद व्यवस्थापनलाई प्राथमिकता प्राप्त क्षेत्रमा राख्दै सरकारी नीति र कार्यक्रम मार्फत संवोधन गरी जोखिम न्यूनीकरणका लागि सवै पक्षको सहभागीता र एकीकृत व्यवस्थापन गरी सुरक्षित भविश्यको सुनिश्चितता गर्नु पर्ने विषयमा जोड दिनुभएको थियो । साथै प्रतिवेदन टोलीको तर्फवाट टोलिका संयोजक एवं प्रशासन पुनर्संरचना आयोगका सदस्य सचिव श्री तीर्थराज ढकालले समग्र कार्यक्रमको प्रतिवेदन पेश गर्नु भएको थियो । उक्त कार्यक्रममा EROPA का General Secretary DR. Orlando Mercado ले संगठनको आगामी कार्यदिशा र भूमिकाका वारेमा आफ्नो भनाई

राख्नुभएको थियो । संगठनको आगामी २०११ को कार्यकारी परिषदको वैठक, साधारण सभा र सेमिनार २०११ मा थाइल्याण्डमा हुने भएकोले थाइल्याण्डको NIDA का अध्यक्ष Dr. Sombat Thamrongthanyawong ले आगामी वर्ष सवैलाई थाइल्याण्डमा स्वागत गर्ने  भनाई राख्नुभएको थियो । उक्त कार्यक्रममा विभिन्न सहभागी एवं पदाधिकारीहरुलाई प्रोत्साहन स्वरुप प्रमाणपत्र प्रदान गरिएको थियो । अन्त्यमा सामान्य प्रशासन मन्त्री माननीय प्रभाकर प्रधानाङ्गले सवै सहभागीहरुको उच्च योगदानको कदर गर्दै धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन मन्तव्य दिनु भएको थियो ।

# निजामती सेवा दिवस, २०६७ सम्पन्न

यस वर्षको निजामती सेवा दिवस, २०६७ भाद्र २२ गते एक कार्यक्रमका साथ सम्पन्न भएको छ । निजामती सेवा दिवस भव्यताका साथ मनाउन नेपाल सरकारका पुख्य सचिव माधवप्रसाद घिमिरेज्यूको अध्यक्षतामा एक मूल समारोह समिति गठन गरिएको थियो । मूल समारोह समितिले स्वीकृत गरेको कार्यक्रम अनुसार २०६७ भाद्र १३ देखि भाद्र २२ गतेसम्म विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाइएको यस वर्षको निजामती सेवा दिवसको मूल नारा **"शिष्ट र नम्र व्यवहार : सेवाग्राहीको अधिकार"** तय गरिएको थियो । निजामती सेवा दिवसको अवसर पारेर निम्न अनुसारका कर्मचारीहरुलाई सम्मानित तथा पुरस्कृत गरिएको थियो :

**सम्मानीत हुने पूर्व कर्मचारीहरु**

| सि.नं. | कर्मचारीको नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री दामोदर प्रसाद गौतम | पूर्व मुख्य सचिव | ललितपुर |
| २ | श्री दीर्घराज कोईराला | पूर्व सचिव | काठमाण्डौ |
| ३ | श्री चन्द्रकला किरण | पूर्व सचिव | काठमाण्डौ |
| ४ | श्रीमती अम्विका रिजाल | पूर्व शाखा अधिकृत | पुर्वान्चल क्षेत्रिय कृषी तालिम केन्द्र, झुम्का,सुनसरी |
| ५ | श्री चन्द्र प्रसाद तिमिल्सिना | पूर्व शाखा अधिकृत | जिल्ला प्रशासन कार्यालय, बाँके |
| ६ | श्री देवी प्रसाद विलासी | पूर्व लेखा अधिकृत | जिल्ला जनस्वास्थ कार्यालय, पर्वत |
| ७ | श्री लालजी शरण यादव | पूर्व सहायक वन अधिकृत | वन विभाग |
| ८ | श्री जय प्रकाश शाह | पूर्व सहायक वन अधिकृत | वन विभाग |
| ९ | स्व. राम कुमार उप्रेती | पूर्व लेखा परीक्षक | महालेखा परिक्षकको कार्यालय,ववरमहल |
| १० | श्री रामचन्द्र गौतम | पूर्व प्राविधिक सहायक | जिल्ला कृषी विकास कार्यालय, नवलपरासी |
| ११ | श्रीमती आशामाया पोडे | पूर्व कार्यालय सहयोगी | जिल्ला पशु सेवा कार्यालय, ललितपुर |
| १२ | श्रीमति महत कुमारी कार्की | पूर्व कार्यालय सहयोगी | गृह मन्त्रालय, सिहदरवार |
| १३ | कुल वहादुर डांगी | पूर्व हल्कारा | जिल्ला हुलाक कार्यालय, वर्दिया |

**उत्कृष्ट निजामती सेवा पुरस्कार**

| सि.नं. | कर्मचारीको नाम | पद | कार्यरत निकाय |
|---|---|---|---|
| *1* | श्री दिनेशकुमार थपलिया | सहसचिव | स्थानीय विकास मन्त्रालय |
| *2* | श्री वसन्तवहादुर मानन्धर | वरिष्ट पशु विकाश अधिकृत | क्षेत्रिय पशु सेवा तालिम केन्द्र, बाँके, |
| *3* | श्री सुर्यवहादुर खत्री | शाखा अधिकृत | जिल्ला शिक्षा कार्यालय, मुगु |
| *4* | श्री पवित्रा यादव | प्रमुख शिक्षक | घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी |
| *5* | श्री प्रेमप्रसाद डोटेल | इन्जिनियर | खानेपानी तथा सरसफाई आयोजना, रुकुम |

| | | | |
|---|---|---|---|
| ६ | श्रीमति कुलशोभा शाक्य | सहायक अनुसन्धान अधिकृत | प्राकृतिक सम्पदा अनुसन्धानशाला, थापाथली |
| ७ | श्री दिक्षित राजभण्डारी | कम्प्युटर अपरेटर | सर्वोच्च अदालत |
| ८ | स्व.श्री ईन्द्रकुमार श्रेष्ठ (मरणोपरान्त) | तत्कालिन गा.वि.स. सचिव | जि.वि.स. सर्लाही, ववरजंग गावि.स. |
| ९ | श्री शम्भु नायाजु | हलुका सवारी चालक | गृह मन्त्रालय |
| १० | श्री दिलवहादुर विष्ट | कार्यालय सहयोगी | शाखा तथ्याङक कार्यालय, वाजुरा |

**निजामती सेवा पुरस्कार**

| सि.नं. | कर्मचारीको नाम | पद | कार्यरत निकाय |
|---|---|---|---|
| १ | श्री खड्गवहादुर राना | उपसचिव | महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय |
| २ | श्री सुर्यप्रसाद शर्मा | उपसचिव | युवा तथा खेलकुद मन्त्रालय |
| ३ | श्री रामाधिन यादव | स्थानीय विकास अधिकारी | जिल्ला विकास समितिको कार्यालय, पर्सा |
| ४ | श्री भुवनसिंह थापा | श्रेस्तेदार( उपसचिव) | झापा जिल्ला अदालत |
| ५ | श्री केदारमान प्रजापति | सिनियर डिभिजनल ईन्जिनियर | राष्ट्रिय सतर्कता केन्द्र |
| ६ | श्री वासुदेव न्यौपाने | उपसचिव | कानून तथा न्याय मन्त्रालय |
| ७ | श्री श्यामकिशोर सिंह | सिनियर डिभिजनल ईन्जिनियर | सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय सप्तरी |
| ८ | श्री शंकरवहादुर राई | उपन्यायधिवक्ता | महान्यायधिवक्ताको कार्यालय |
| ९ | श्री हरिश्चन्द्र घिमिरे | उपसचिव | परराष्ट्र मन्त्रालय |
| १० | श्री डिल्लीराम वास्तोला | शाखा अधिकृत | सुचना तथा संचार मन्त्रालय |
| ११ | श्री झङ्कनाथ शर्मा | शाखा अधिकृत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १२ | श्री दिलिपकुमार गौतम | कर अधिकृत | आन्तरीक राजस्व कार्यालय, धनगढी |
| १३ | श्री रामगोपाल श्रेष्ठ | शाखा अधिकृत | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| १४ | श्री भुपवहादुर पुन | शाखा अधिकृत | जिल्ला प्रशासन कार्यालय, प्युठान |
| १५ | श्री अम्विका वेलवासे | कम्प्युटर अधिकृत | नेपाल कानून आयोग |
| १६ | श्री शोभायोल्मु लामा | नायव सुव्वा | राष्ट्रिय योजना आयोगको सचिवालय |
| १७ | श्री टिकानाथ अर्याल | लेखापरीक्षण अधीक्षक | महालेखा परीक्षकको कार्यालय |
| १८ | श्री प्रेमराज भट्ट | कम्प्युटर अपरेटर | जिल्ला निर्वाचन कार्यालय, कैलाली |
| १९ | श्री अनिलकुमार महतो | सव इन्जिनियर | सिचाई विकास सव डिभिजन, दार्चुला |
| २० | श्री नारायण मानन्धर | लेखापाल | कौशीतोषखाना काठमाण्डौ |
| २१ | श्री सत्यनारायण शर्मा | खरिदार | जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी |
| २२ | श्री भविन्द्र तामाङ्ग | खरिदार | जिल्ला प्रशासन कार्यालय, झापा |
| २३ | श्री ऋषि प्रसाद खतिवडा | लिथो सहायक | सामान्य प्रशासन मन्त्रालय |

| | | | |
|---|---|---|---|
| २५ | श्री नवराज सापकोटा | सशस्त्र वन रक्षक, हवल्दार | जिल्ला वन कार्यालय, मकवानपुर, |
| २५ | श्री चक्रवहादुर लामा | कार्यालय सहयोगी | पर्यटन तथा नागरिक उडडयन मन्त्रालय |
| २६ | श्री रामकुमार आले | कार्यालय सहयोगी | भूमी सुधार तथा व्यवस्थापन विभाग, ववरमहल |
| २७ | श्री वहादुर चौधरी | कार्यालय सहयोगी | राष्ट्रिय चरण तथा घाँसे वाली विउ वृद्धि फारम, सर्लाही । |
| २८ | श्री सुनिता चौधरी | कार्यालय सहायोगी | शैक्षिक जनशक्ति विकास केन्द्र |
| २९ | श्री टंकवहादुर दाहाल | कार्यालय सहयोगी | कोष तथा लेखा नियन्त्रक कार्यालय., तेह्रथुम |
| ३० | श्री शेरबहादुर भुजेल | कार्यालय सहयोगी | लोक सेवा आयोग पु.क्षे.नि. धनकुटा |